फोन नं. ०३७-६२००७५

# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०७७/०७८ १ नं. प्रदेश, नेपाल

## जग्गा प्राप्ति सम्बन्धी सूचना

***(प्रथम पटक प्रकाशित मिति:-२०७७/०७/२०)***

चिशंखुगढी गाउँपालिकाको सातौं गाउँसभा, बार्षिक नीति तथा कार्यक्रम एवं आ. व. ०७७/७८ को बजेट बक्तव्यमा उल्लेखित वडा नं. ०२ अन्तर्गत स्वास्थ्य कार्यालय जग्गा व्यवस्थापन तथा खानीभञ्ज्याङ्ग खेल मैदान जग्गा व्यवस्थापन योजनाका लागि बजेट विनियोजन भएको हुँदा गाउँ कार्यपालिकाको मिति २०७७।०५।२३ र २४, मिति २०७७।०६। १६ र मिति २०७७।०६।२८ को निर्णय एवं चिशंखुगढी गाउँपालिकाको जग्गा प्राप्ति कार्यविधि, २०७७ को दफा ६ को उपदफा १(ख) तथा दफा ९ बमोजिम गठित जग्गा व्यवस्था समितिको मिति २०७७।०७।१९ को निर्णयानुसार तपसिलमा उल्लेखित चार किल्ला भित्र पर्ने जग्गा खरिद गर्नु पर्ने भएको हुँदा ईच्छुक जग्गाधनीहरुले जग्गा प्राप्ति कार्यविधि, २०७७ को अनुसूचीमा उल्लेखित ढाँचामा तोकिएको दस्तुर एवं कागजातहरु सहित १५ (पन्ध्र) दिन भित्र खामबन्दी निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र.सं. | योजना तथा कार्यक्रम | आवश्यक जग्गाको क्षेत्रफल | चार किल्ला | कैफियत |
|---|---|---|---|---|
| १ | पोखरे स्वास्थ्य चौकी स्तरोन्नतीका लागि जग्गा व्यवस्थापन | ५-०-०-०(पाँच रोपनी) | हाल पोखरे स्वास्थ्य चौकी कार्यालय रहेको स्थानबाट पूर्व, पश्चिम, उत्तर र दक्षिण चार किल्ला भित्र १ कि.मि. को दूरीमा पर्ने जग्गा। | |
| २ | खानीभञ्ज्याङ्ग खेल मैदान जग्गा व्यवस्थापन | ८-०-०-०(आठ रोपनी) | शहिद क्या. यज्ञबहादुर थापाको स्मृति भवन रहेको स्थानबाट पूर्व, पश्चिम, उत्तर र दक्षिण चार किल्ला भित्र १ कि.मि. को दूरीमा पर्ने जग्गा। | |

आवश्यक कागजातहरुः

१. उपलब्ध गराउन खोजेको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि।

२.जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

३. जग्गाको नापी नक्सा र ट्रेश नक्सा।

४. निवेदन दस्तुर वापतको रु. ३००।- को नगदी रसिद वा बैंक भौचर।

५. कार्यालयले माग गरेका अन्य आवश्यक कागजातहरु।

०७७/०७/२०

प्रमुख प्रशासकीय अधिकृत

***पुनश्चः अन्य थप जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न हुन।***